
# लेखापरीक्षण प्रतिवेदन

# गन्यापधुरा गाउँपालिका, डडेलधुरा

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## गन्यापधुरा गाउँपालिका, डडेलधुरा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वियनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वियनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-४

च.न.:FAR/2080-81/LOC/5

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
गन्यापधुरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
डडेल्धुरा।

**कैफियतसहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू.७ करोड ९२ लाख २५ हजार, पूर्वाधार विकासको रू.१९ लाख ९८ हजार र एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू.४५ लाख समेत गरी रू.८ करोड १६ लाख ७४ हजार समावेश गरेको छैन।
२. गाउँपालिकाको रू.८० करोड ३० लाख ३८ हजार लेखापरीक्षण गरिएकोमा रू. ८६ लाख ९१ हजार बेरूजू देखिएको छ। सो सम्बन्धमा रू.५ लाख ९८ हजारको प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरूजुमा असुल गर्नुपर्ने रू.४ लाख ९७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१८ लाख ९ हजार, नियमित गर्नुपर्ने रू.५७ लाख ८५ हजार रहेको छ। गत वर्षसम्म रू.१ करोड ४७ लाख ५८ हजार बेरूजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरूजू रू.१ करोड ९८ लाख २४ हजार रहेको छ। बेरूजु वर्गीकरण, अद्यावधिक बेरूजु स्थिति र बेरूजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।
३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८,१४, १७ सम्पत्ति तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा हामी विश्वस्त छौं।

**अन्य बेहोरा**

लेखापरीक्षण प्रतिवेदनमा स्रोत साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार राजस्व असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास- निर्माण र सेवा प्रवाहमा असर परेको, विभिन्न शीर्षकमा प्रदान गरिएको अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गन्यापधुरा गाउँकार्यपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएकोछ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोबारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पशुपति कुमार काफ्ले)

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६३ | ५४ | ८६,९१,४६१ | ० | २८ | ५,९८,२९९ | ० | ६३ | २६ | ८०,९३,१६२ | ४,९७,४२८ | ५७,८५,७३६ | १८,०९,९९८ | ० | ० | ७५,९५,७३४ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| डडेल्धुरा | १,४७,५८,००० | ० | ३०,२६,३२० | १,१७,३१,६८० | 0 | ८०,९३,१६२ | १,९८,२४,८४२ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७७/७८ | ४६.२ | प्रधानमन्त्री रोजगार कार्यक्रम | १,०२० |
| २ | २०७७/७८ | ३७ | स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम | ११,७१,९०८ |
| ३ | २०७७/७८ | ५५ | पेश्की बाँकी | ६०,००० |
| ४ | २०७८/७९ | ६ | कोभिड तर्फ | ७,१८,२३० |
| ५ | २०७९/८० | १९ | विविध परीक्षण | १४,१०० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | २०७९/८० | १७ | बढी ग्रेड भुक्तानी | १२,६१० |
| ७ | २०७९/८० | ४९ | फरक खर्च शीर्षक | २,१९,८३५ |
| ८ | २०७९/८० | ४०.६ | उपभोक्ता समितिको काम | १२,९७७ |
| ९ | २०७९/८० | २१.२ | अनुदान कार्यक्रम | ७,०७,६४० |
| १० | २०७९/८० | ३८ | अनियमित भुक्तानी | २५,००० |
| ११ | २०७९/८० | ५५ | मू. अ. कर बिजकको भुक्तानी | ४०,००० |
| १२ | २०७९/८० | ५६ | मू. अ. कर बिजकको भुक्तानी | ३०,००० |
| १३ | २०७९/८० | ५७ | मू. अ. कर बिजकको भुक्तानी | १०,००० |
| १४ | २०८०/८१ | ३ | पदाधिकारी पोशाक सुविधा | १,५८,४०० |
| १५ | २०८०/८१ | ५ | न्यायिक समिति बैठक भत्ता | ११,०५० |
| १६ | २०८०/८१ | ५८.१ | नियन्त्रण वातावरणको विश्लेषण | ७,८४३ |
| १७ | २०८०/८१ | ५१ | पुँजीगत बजेटमा चालु प्रकृतिका खर्च | १,३०,००० |
| १८ | २०८०/८१ | २७.१ | पुँजीगततर्फ | १३,०३६ |
| १९ | २०८०/८१ | ६०.२ | मौज्दात ब्यवस्थापन | २,४७,४७० |
| २० | २०८०/८१ | २१ | लक्षित वर्ग कार्यक्रम | ३०,५०० |
| जम्मा | | | | ३६,२४,६१९ |

# (८०७७५५०३३०० - गन्यापधुरा गाउँपालिका, डडेलधुरा )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचयः-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यो गाउँपालिकामा ५ वडा, क्षेत्रफल १३५.६५ वर्ग किलोमिटर तथा १५०९३ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणः-** यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८१, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ। लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धैरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन्। लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ। सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ।

**(ग) लेखापरीक्षणको उद्देश्यः-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्यांकन गरी लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(घ) लेखापरीक्षणको क्षेत्र र अवधिः-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।०७ देखि २०८१।०५।१० सम्म रहेको छ।

**(ङ) लेखापरीक्षण विधिः-** यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०८१, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ। लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धैरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन्। लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ। सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ।

**(च) लेखापरीक्षणको सीमाः-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल

लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदनमा जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(छ) आर्थिक कारोबारको स्थितिः-** पालिकाको आय-व्यय गरी रू.८० करोड ३० लाख ३८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को बिस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(ज) वित्तीय प्रतिवेदनः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७६।२।१९ मा स्वीकृत सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

एकीकृत वित्तीय प्रतिवेदन

आ.व. २०८०।८१

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | जम्मा | | विवरण | रकम | जम्मा |
| १ | गतवर्षको जिम्मेवारी | | ४८११७३०० | १ | चालु खर्च | | २९९८२१३६१ |
| | क) संचित कोष | ३६९७३१६९ | | | क) पालिका चालु | ८१०२९२६७ | |
| | ख) धरौटी | ४६५६४७० | | | ख) सशर्त चालु | १४५०८०८१७ | |
| | ग) विभिन्न कोषहरु | ६४८७६६२ | | २ | पुँजीगत खर्च | | |
| | | | | | क) पालिका पुँजीगत | ४७८९५३२२ | |
| | | | | | ख) अन्यअनुदान पुँजीगत | २५८१५९५४ | |
| | घ) अन्य | | | ३ | वित्तीयव्यवस्था भुक्तानी | | |
| २ | राजस्व (आन्तरिक आय) | | ७२७८९३४९ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ६३४५४९२ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ६४४११९०१ | | | ग) अन्य भुक्तानी | | |
| | ग) राजस्व बाँडफाँड स्थानिय सरकार | ३७४१७५ | | ४ | लगानी | | |
| | घ) राजस्व बाँडफाँड प्रदेश सरकार | १६५७७८१ | | | ऋण लगानी | | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | २३५७९८३९९ | | शेयर लगानी | | |
| | क) वित्तीय समानीकरण अनुदान | ७१७९६००० | | | अन्य लगानी | | |
| | ख) सशर्त अनुदान | १५५५३८६०५ | | | | | |
| | ग) समपूरक अनुदान | ३९४२६७० | | ५ | धरौटी फिर्ता | ११७९६७६ | ११७९६७६ |
| | घ) विशेष अनुदान | ४५२११२४ | | ६ | जनश्रमदान फिर्ता | | |
| ४ | प्रदेशसरकारबाट प्राप्त अनुदान | | १२२२२३७२ | ७ | कोष फिर्ता | ९४८५९०३ | ९४८५९०३ |
| | क) वित्तिय समानीकरण अनुदान | ५८७८००० | | ८ | मौज्दात | | ५७९६१९२८ |
| | ख) सशर्त अनुदान | ६३४४३७२ | | | क. संचित कोष | ५७९६५४२८ | |
| | ग) समपुरक अनुदान | | | | ख= धरौटी | | |
| | घ) विशेष अनुदान | | | | ग= विभिन्न | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | कोषहरु | | |
| ५ | अन्तरस्थानीय तहबाट प्राप्त | | ८१६७४४०४ | | घ. अन्य | | |
| | क सामाजिक सुरक्षा | ७९२२५९६१ | | ९ | शसर्त अनुदान फिर्ता | | |
| | ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ४५०००० | | १० | गत बर्षकोबढी अल्या | | |
| | ग) स्थानीय तह प्रशासकीय भवन पूर्वधार विकास कार्यक्रम | १९९८४४३ | | ११ | अन्तरस्थानीय तहबाट प्राप्त | | ८१६७४४०४ |
| ६ | अन्य | | ३३०५६३१ | | क) सामाजिकसुरक्षा | ७९२२५९६१ | |
| | क)क्षेत्रीय शहरी विकास योजना | | | | ख)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ४५०००० | |
| | ख) सडकबोर्ड नेपाल | ३३०५६३१ | | | ग) स्थानीय तह प्रशासकीय भवन पूर्वधार विकास कार्यक्रम | १९९८४४३ | |
| | ग) पर्यटनबोर्ड नेपाल | | | १२ | जनश्रमदान मौज्दात | | |
| | घ) एन एनएस डब्लु ए | | | १३ | धरौटी मौज्दात | ५७८२९०७ | ५७८२९०७ |
| ७ | विभिन्न कोषतर्फको आय | २७८१००० | २७८१००० | १४ | कोष खाताको मौज्दात | ३०८८३९० | ३०८८३९० |
| ८ | जनसहभागिता (नगद) | | | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त | | | | | | |
| १० | धरौटी आय | २३०६११४ | २३०६११४ | | | | |
| ११ | लगानीको साँवा फिर्ता | | | | | | |
| १२ | अन्य विविधआय | | | | | | |
| | जम्मा | | ४५८९९४५६९ | | जम्मा | | ४५८९९४५६९ |

**(झ) लेखापरीक्षणको क्रममा असुली:-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.११४७३५।०० असुल भई दाखिला भएको छ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | सामाजिक सुरक्षा शीर्षकबाट मृतकको नाममा लगत कट्टा भई संचित कोषमा २०८१।५।६ समेतबाट रु ७९३४२।०० दाखिला भएको छ। | ७९३४२ |
| २ | दहत्तर बहत्तर रु ६०००।००, दैनिक भ्रमण भत्ता रु २२७३।०० वढी भुक्तानी समेतरु २२६४३।०० मिति २०८१।५।६ समेतमा दाखिला भएको छ। | २२६४३ |
| ३ | प्रशासकीय अधिकृत मिन बहादुर बिष्टले रू. ५१००।००, प्रमुख प्रशासकीय अधिकृत दिलिपकुमार तामाङले रू.२५५०।०० समेत ६ जनाले नपाउने न्यायिक समितिको बैठक भत्ता रू. १२७५०।०० मिति २०८१।०६।१३ मा बेरुजु खातामा दाखिला भएको छ। | १२७५० |
| | जम्मा | ११४७३५।०० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **तलबभत्ता**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ। गाउँपालिकाले यो वर्ष तलबभत्तामा रु १८३४१९९९।६४ खर्च गरेको छ। तलबी प्रतिवेदन आंशिकरुपमा पारित गरी खर्च लेख्दा पाउने भन्दा बढी तलबभत्ता तथा ग्रेड भुक्तानी हुनसक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलबभत्ता खर्च लेख्नुपर्दछ।

३ **पदाधिकारी पोशाक सुविधा** (२३२-२०८०-१२-२६):

प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसुचि १ र २ मा पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी व्यवस्था गरिएको छ । उक्त ऐनमा पदाधिकारी तथा सदस्यलाई पोशाक दिन मिल्ने आधार छैन । कार्यपालिकाको मिति २०७९।१०।०६ गतेको निर्णयद्धारा पालिकाको २८ जना गाउँ सभा सदस्यहरूलाई प्रति सदस्य रू.१००००।०० का दरले रू.२८००००।०० पोशाक भत्तामा खर्च गरेको छ। अतः बाँकी रु ११८८००।०० असुल गर्नुपर्ने रकम रू.

| क.स. | नाम | रकम |
|---|---|---|
| १. | लक्ष्मण बहादुर सार्की | ९९००।०० |
| २. | राधा देवी कामी | ९९००।०० |
| ३. | बम बहादुर देउवा | ९९००।०० |
| ४. | प्रसाद सिंह बोहरा | ९९००।०० |
| ५. | मम्ता विष्ट पधान | ९९००।०० |
| ६. | पार्वती देवी भुल सार्की | ९९००।०० |
| ७. | गगन सिंह साउद | ९९००।०० |
| ८. | विर बहादुर भुल सार्की | ९९००।०० |
| ९. | सरस्वती भट्ट | ९९००।०० |
| १०. | रूपा भुल | ९९००।०० |
| ११. | योगेन्द्र बहादुर देउवा | ९९००।०० |
| १२. | भिम बहादुर लोहार | ९९००।०० |
| **जम्मा** | | ११८८००।०० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-२७** को निर्णयले रू **९,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-२७** को निर्णयले रू **९,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-२७** को निर्णयले रू **९,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-२७** को निर्णयले रू **९,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-२७** को निर्णयले रू **९,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-२७** को निर्णयले रू **९,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-२७** को निर्णयले रू **९,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-२७** को निर्णयले रू **९,९००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-२७** को निर्णयले रू **९,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-२७** को निर्णयले रू **९,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-२७** को निर्णयले रू **९,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-२७** को निर्णयले रू **९,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-२७** को निर्णयले रू **९,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-२७** को निर्णयले रू **९,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२१** को निर्णयले रू **९,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२६** को निर्णयले रू **९,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१८,८०० |

४ **पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ बमोजिम खर्च गर्दा उपलब्धि समेतलाई ध्यान दिई खर्चको सुनिश्चितता गर्ने व्यवस्था छ । गाँउपालिकाले यो वर्ष रू.६३४८९९१।८६ आन्तरिक आय संकलन गरेकोमा पत्रपत्रिकामा शुभकामना, सन्देश प्रकाशन गरेको जनाई रू. १०९२२२२।०० खर्च गरेको छ । जुन आन्तरिक आयको १७.२० प्रतिशत हुन आउछ । सामाजिक संजाल समेतको उपयोग गरी यस प्रकारको खर्चमा नियन्त्रण कायम गरी सार्वजनिक स्रोतको मितव्ययी उपयोग हुनुपर्दछ । केहि उदाहरण निम्नानुसार छनः

| **भौचर नं./मिति** | **भुक्तानी प्राप्तकर्ताको नाम** | **रकम रु.** |
|---|---|---|
| २०१।०८०।१२।०२ | आलिताल मिडिया प्रा.लि र चेतना खबर. | २०००० |
| १९३।०८०।१२।०१ | रेडियो सुदुर आवाज | १००००० |
| २५१।०८१।०१।२५ | आफ्नो एफ.एम | ८०००० |
| ३९९।०८१।०३।१९ | ग्यालेक्सि मिडिया . | २०००० |
| २०५।०८०।१२।०४ | कान्तिपुर ट्रेडिङ हाउस | ९८८७५ |

५ **न्यायिक समिति बैठक भत्ता** (४८२-२०८१-३-२१):

अर्थ मन्त्रालयद्धारा जारी निर्देशिका सरकारी खर्चमा मितव्ययिता मापदण्ड,२०७८ मा सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल हुने गरी खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष न्यायिक समितिको बैठक खर्च रू.४८३००।०० गरेको छ । समितिको

प्रगति विवरणमा मुद्दा दायर र फैसलाको संख्या शुन्य रहेको देखिन्छ । यसरी कार्यप्रगति विना भत्ता प्रयोजनको लागि मात्रै बैठक बसी भत्ता भुक्तानी गरेको कार्य नियमसंगत देखिएन। अतः पालिकाबाट यकिन गरी असुल गर्नुपर्ने रू.

| गो. भौ.नं. | भुक्तानी प्राप्तकर्ताको नाम | रकम रू. |
|---|---|---|
| ४२२।०८१।०३।२१ | मम्ता बहादुर बिस्ट | ५१००।०० |
| | राधा वि.क. | ५१००।०० |
| जम्मा | | १०२००।०० |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-२७** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-२७** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-२७** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-२७** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-२७** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-२७** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-२७** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,२०० |

६ **कार्यक्रम खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वय नियमावली, २०७७ को नियम ३९ (७) मा सरकारी निकायबाट तालीम, सेमिनार, गोष्ठि, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकारप्राप्त अधिकारीबाट स्वीकृत भएको हुनुपर्दछ । उपनियम (७) बमोजिम स्वीकृत कार्यक्रम अनुसार सञ्चालित तालीम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भईसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएको मालसामानको विवरण तथा बिल, भरपाईसहित कार्यक्रममा उपस्थिति तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्नेछ व्यवस्था छ । पालिकाले यो वर्ष दलित लक्षीत कार्यक्रम, महिला सशक्तिकरण कार्यक्रम जस्ता कार्यक्रममा रू. २२३३५१३।०० खर्च गरेको छ । यस्तो खर्च नियमानुसार कार्यक्रमको लागत अनुमान बनाई सो को अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराएको छैन । कार्यक्रम सम्पन्न पश्चात त्यस्तो कार्यक्रमको खर्च, खरिद गरिएको मालसामानको विवरण तथा बिल, भरपाईसहित कार्यक्रममा उपस्थिति तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या समावेश गरी प्रतिवेदन तयार गरेको छैन । अतः पालिकाबाट संचालित कार्यक्रमहरु स्वीकृत गराई सोको प्रतिवेदन तयार गरी पेश गर्नुपर्दछ ।

७ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र

अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। पालिकाले विभिन्न पदमा ५१ कर्मचारीहरु करारमा राखि रु. ५०५५५२४ पारिश्रमिक खर्च लेखेको छ। सोही ऐनको दफा ८३ (८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रीसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था छ। उक्त पद बाहेक पालिकामा कार्यरत ५१ मध्ये देहायका पदमा २३ जना कर्मचारी करारमा लिएको देखिन्छ। तोकिएको भन्दा फरक पदमा करारमा कर्मचारी राखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

| क्र.सं. | पद/तह | संख्या |
|---|---|---|
| १. | अ न मी (अक्जिलरी मिडवाइफरी नर्स) | ९ |
| २. | अ हे व (असिष्टेन्ट हेल्थ वर्कर) | ३ |
| ३. | ल्याब असिष्टेण्ट | ४ |
| ६. | सव इन्जिनियर | १ |
| ७. | असिष्टेन्ट सव इन्जिनियर | १ |
| ७. | ना प स्वास्थ्य प्राविधिक | २ |
| ८. | ना प्राविधिक सहायक | २ |
| ९. | क्षयरोग संयोजक | १ |
| जम्मा | | २३ |

## ८ कर्मचारी भत्ता

८.१ **फिल्ड भत्ताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । गाँउपालिकाले फिल्ड भत्ता सम्बन्धी ऐन, नियम तथा निर्देशिका बनाएको देखिएन । गाउँपालिकाले ९ कर्मचारीलाई कानुन तथा कार्यविधि नबनाई रु. ४१००००।०० फिल्ड भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । जुन आन्तरिक आय रू. ६३४५४९१।८६ को ६.४६ प्रतिशत हुन जान्छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

८.२ **कर्मचारी प्रोत्साहन भत्ताः** सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले ४ जनालई कानुन तथा कार्यविधि नबनाई रू. ३३३०००।०० प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

८.३ **अन्य भत्ताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले यस वर्ष अन्य भत्ता स्वरुप जम्मा रू. १८८३००।०० खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

## ९ अनुगमन मूल्यांकंन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कर्मचारी अनुगमन मूल्याकंन जनाई रू. २३६०७०२।०० खर्च गरेको पाइयो । कर्मचारी तथा पदाधिकारीहरुले भ्रमण जादा उल्लेख गरेको उद्देश्य र अनुगमन पश्चात आंशीक रुपमा प्रतिवेदन पेश गरेको पाइयो । अनुगमनमा पश्चात प्रतिवेदन अनिवार्य रुपमा संलग्न गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१० **भ्रमण खर्च**

सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम पालिकाले कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च र अनुगमन खर्च रू.२६२८१७।०० भुक्तानी गरेको छ । भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन:

-भ्रमण पश्चात तोकिएको ढाचाँमा भ्रमण प्रतिवेदन वेगर भ्रमणको खर्च भुक्तानी गरेको,

-केहि भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित अन्तरपालिका भ्रमणमा गएको जनाई खर्च गरेको ।

अत: स्पष्ट प्रयोजन र उद्देश्य वेगर अधिकांश ७ दिनको समयावधि राखी भ्रमण खर्च गरेको अवस्थावाट भ्रमण खर्च पालिकाको उच्च प्रयोजनमा उच्चतम उपयोग भएको छ, भनी विश्वस्त हुने अवस्था रहेन । तोकिएको कानुनी ब्यवस्थाको पालना गर्दै भ्रमण खर्च गर्दा पालिकाको प्रयोजनमा खर्च भएको सुनिश्चितता हुने व्यवस्था सहित भ्रमण पश्चात भ्रमण प्रतिवेदन लिने व्यवस्था हुनुपर्दछ ।

११ **इन्धन खर्च**

अर्थ मन्त्रालयद्धारा जारी निर्देशिका सरकारी खर्चमा मितव्ययिता मापदण्ड, २०७८ मा सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल हुने गरी खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाले व्याकहो लोडर, पिक अप जिप, जिप, ट्रयाक्टर तथा १९ मोटरसाइकलका लागि इन्धनमा रू. ३८८३०७५।५२ खर्च गरेको छ । जसमध्ये १७८६२ लि. डिजेलको करिव रू.२६२५७१४ तथा २५२८ लि. पेट्रोलको करिव रू. ४०४४८०।०० खर्च लेखेको छ । सवारी साधनको अनुपातमा इन्धन खर्च बढी देखिन्छ । साथै पालिकाले पाम्स (PAMS) मा अभिलेख नराखी इन्धन खर्च गरेको पाइयो । यस प्रकारको खर्चमा नियन्त्रण कायम गरी पाम्स (PAMS) मा प्रविस्टि गरी खर्च गर्नुपर्दछ ।

१२ **मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मेशिनरी तथा औजार (कम्प्युटर, प्रिन्टर तथा ल्यापटप) मर्मत सम्भार तथा संचालनका लागि रू. ३८२२७६।३४ खर्च गरेको छ । सोको लगबुक र यथासमयको मिति कायम भएको बिल भर्पाई रहेको छैन । यस्तो खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

१३ **जिन्सी परीक्षण**

१३.१ **जिन्सी निरीक्षणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसमानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामानमध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नुपर्ने व्यवस्था छ । पालिकाले जिन्सी निरीक्षण गराएको प्रतिवेदन अनुसार ल्यापटप, डेष्कटप कम्प्युटर, मोटरसाईकल, सोफासेट, कुर्ची, लगायतका मालसमान मर्मत सम्भार गर्ने, लिलाम बिक्रि गर्ने र मिनाह गर्ने उल्लेख गरेतापनि तोकिय अनुसारको तयारी कार्य प्रारम्भ गरेको छैन । अत: मालसमानहरुको मर्मत सम्भार, लिलामी, मिनाहा, लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१३.२ **जिन्सी मालसामान फिर्ताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका व्यक्तिहरुलाई विभिन्न मितिमा कार्यलयबाट दोहोरो मालसमान दिएको र हालसम्म कार्यालयमा फिर्ता गरेको पाइएन । यसरी एउटै

व्याक्तिले दोहोरो सुविधा लिदा कार्यलयको व्ययभार बढ्न जाने भएकाले उक्त सामान कार्यलयमा फिर्ता हुनपर्ने अन्यथा मालसामानको मुल्य अनुसारको रकम असुल गर्नुपर्दछ ।

| क्र.स | कर्मचारीको नामथर | सामानको विवरण | लिएको मिति | कैफियत |
|---|---|---|---|---|
| १ | खम्म बहादुर शाही | ल्यापटप र प्रिन्टर | उल्लेख नभएको | दोहोरो |
| २ | चेत राज भट्ट | बरबुझारथ नगरेको (ल्यापटप) | उल्लेख नभएको | दोहोरो |
| ३ | शिव बहादुर महता | ल्यापटप | उल्लेख नभएको | दोहोरो |
| ४. | लोकेन्द्र पनेरु | ल्यापटप Acer i3 (१), GPS (१), Prixm rod (२) | उल्लेख नभएको | कार्यालय छोडिसकेपछि फिर्ता नगरेको । |

१४ **अन्य कार्यालय खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी (गरिएको सुरक्षा निकाय परिचालन/ व्यवस्थापन) रू. २७७१००।०० भुक्तानी गरेको छ । जुन आन्तरिक आय रू. ६३४८९९१।८६ को ४.३६ प्रतिशत हुन जान्छ । यस्तो खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन जसले थप व्ययभार वढ्दै जाने देखिन्छ । यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

| **गो.भौ।मिति** | **कार्यालय संघ संस्थाको नाम** | **रकम रू.** |
|---|---|---|
| ३०।०८०।०६।२५ तथा विभिन्न समयमा | सुरक्षा निकाय (जिल्ला प्रहरी कार्यालय) | २२४१०० |
| ३९।०८०।०७।०३ | कारागार बन्दिगृह | ८०००।०० |
| १४७।०८०।१०।१७ | डडेल्धुरा जिल्ला कबड्डी सघं | ३००००।०० |
| ४१६।०८१।०३।२१ | वृद्धाश्रम सहयोग समिति | १००००।०० |
| ६७९।०८१।०३।११ | कर्मचारी मिलन केन्द्र | ५०००।०० |
| जम्मा | | २७७१००।०० |

१५ **सीप विकास तालिम** (२९५-२०८१-२-२३):

सरकारी खर्चमा मितव्ययिता मापदण्ड, २०७८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष युवाहरुका लागि सीप विकास कार्यक्रम स्वरुप ड्राइभिङ तालिम प्रदान गरेको छ । सो तालिमको लागि पालिकाले सवै वडाबाट ११ जना युवाहरुलाई छनौट गरी ३० दिने आवाशीय तालिमको लागि डडेल्धुरा जिल्लाको उग्रतारा ड्राईभिङ सेन्टरलाई रू. ६०५०००।०० भुक्तानी गरेको छ । यस किसिमको कार्यक्रमले क्षमता वृद्धिमा सहयोग गर्नुका साथै रोजगारी प्रवर्धनमा पनि टेवा पुग्नुपर्दछ । पालिकाले सो तालिम प्रदान गरे पश्चात युवाहरुको प्रगति तथा तालिमको प्रभावकारिता एवं प्रतिफलको कुनै अभिलेख र विवरण राखेको देखिएन । यस्तो किसिमको खर्च तथा कार्यक्रमको प्रभावकारीता र त्यसको सकारात्मक प्रभावलाई ध्यान दिनुपर्दछ।

१६ **नपाउने सुबिधा** (२०६-२०८०-१२-४):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाँच गर्नुपर्ने व्यवस्था छ । केशब बहादुर महता फागुन महिनामै कार्यालाय छोडिसकेको भएतापनि निजलाई पालिकाले रू. १५०००।०० अनुगमन तथा भ्रमण भत्ता भुक्तानी गरेको छ । अतः उक्त रकम असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,००० |

१७ **स्वकीय सचिव व्यवस्थापन**

प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसुचि १ र २ मा पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी व्यवस्था गरिएको छ । उक्त ऐनमा पदाधिकारी तथा सदस्यलाई स्वकीय सचिवको सुविधा उल्लेख नगरिएकोले दिन मिल्ने आधार छैन । पालिकाले यो वर्ष स्वकीय सचिव केशब बहादुर महतालाई रू. ६४८००।०० भुक्तानी गरेको छ । नियमले नपाउने खर्च असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६४,८०० |

१८ **सवारी साधन तथा मेशिनरी औजार भाडा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष पालिकाको सवारी साधन बाहेक अन्य सवारी साधन भाडामा लिई रू. ५४४०००।०० खर्च गरेको छ । जुन आन्तरिक आय रू. ६३४८९९१।८६ को ८.५६ प्रतिशत हुन जान्छ । पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ । पालिकाले यस्तो खर्च मितव्ययी भएर गरी पालिकाको सवारी साधनको भरपुर प्रयोग गर्नुपर्दछ ।

१९ **घर भाडा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) अनुसार क्षेत्रिय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति र कोा तथा लेखा नियन्त्रकको कार्यालयको सूचनापाटीमा कम्तिमा ७ दिनको अवधिको सूचना टाँसगरी भाडाको प्रस्ताव माग गर्नुपर्ने र उपनियम ४ अनुसारको घरभाडा निर्धारण समितिले तय गरको दर रेटको आधारमा घरभाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष वडा कार्यालायको लागि घरभाडा रू. ९९४७६०।०० भुक्तानी गरेको पाईयो । भाडामा लिदा घरभाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा मात्र लिनुपर्दछ ।

२० **मर्मत सम्भार खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन मर्मतमा रू. १९९७७२४।०० खर्च गरेको छ । पालिकाले म.ले.प.फा.नं. २ अनुसार मर्मत अभिलेख तयार नगरेको तथा लागत अनुमान समेत बनाउने नगरेको पाइयो । जुन आन्तरिक आय रू. ६३४८९९१।८६ को ३१.४६ प्रतिशत हुन जान्छ । पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार बढ्दै जाने देखिन्छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

मर्मत खर्च विवरण-

| सवारी साधन | मर्मत खर्च |
|---|---|
| ब्याकहो लोडर | ६६७२८६।०० |
| पिक अप जिप | ७४२८९८।०० |
| जिप | २३४२१०।०० |
| ट्याक्टर | ३४६२०।०० |
| मोटरसाइकलहरु | ३१८७१०।०० |
| **जम्मा** | **१९९७७२४।००** |

२१ **लक्षित वर्ग कार्यक्रम**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२१** को निर्णयले रू **३०,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| अनियमित भएको | ० |
|---|---|

२२ **मेला व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ४१ बमोजिम खर्च गर्दा उपलब्धि सुनिश्चित गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष रू. ३३९३७०।०० मेला तथा दिवस व्यवस्थापनमा खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

| गो.भौ.नं. | **मेला तथा दिवस** | रकम |
|---|---|---|
| १८१।०८१।११।१७ | वडाल मेला | १६९६७०।०० |
| २७०।०८१।०२।०२ | दिवस कार्यक्रम | १९८५०।०० |
| ३६।०८०।०७।०१ | वुन्द्धुनी पर्व व्यवस्थापन | ५००००।०० |
| १००।०८०।०९।२३<br>११३।०८०।०९।२५ समेत अन्य | तिज विशेष कार्यक्रम | ९९८५०।०० |
| जम्मा | | ३३९३७०।०० |

२३ **सामाजिक सुरक्षा भत्ता**

२३.१ **सामाजिक सुरक्षा भत्ताः** पालिकाले यस आर्थिक वर्ष २०८०/०८१ मा सामाजिक सुरक्षा भत्ता रू. ७९२२७८५१।०० वितरण गरेको विवरण उपलब्ध गराएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नअनुसार छन्:

| सामाजिक सुरक्षा भत्ता पाउने समुह | कायम संङ्ख्या | वितरण गरेको संङ्ख्या | वितरण गरेको रकम | फिर्ता रकम |
|---|---|---|---|---|
| अन्य जेष्ठ नागरिक भत्ता | १०७७ | १०७७ | ५११३६६५१।०० | ५४२४९।०० |
| जेष्ठ नागरिक भत्ता (दलित) | १४२ | १४२ | ४३८७९६३।०० | |
| जेष्ठ नागरिक एकल महिला | १५१ | १५१ | ४९९५३९४।०० | २५०९३।०० |
| विधवा महिला (आर्थिक सहायता) | २९३ | २९३ | ९१५०४००।०० | |
| पूर्ण अपाङ्गता भत्ता (क वर्ग) | ४० | ४० | १९१३८७९।०० | |
| अतिअशक्त अपाङ्गता भत्ता (ख वर्ग) | १७१ | १७१ | ४४२३११८।०० | |
| दलित बालबालिका | ५२८ | ५२८ | ३२२०४४६।०० | |
| लोपोन्मुख जाति | ० | ० | ०।०० | |
| **जम्मा (चारवटै त्रैमासिक)** | **२४०२** | **२४०२** | **७९२२७८५१।००** | **७९३४२।००** |

२३.२ **निष्क्रिय खाताको विवरण नभएकोः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । पालिकाले यो आर्थिक वर्षमा लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी गरेको तर बैकबाट हालसम्मका निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकालाई उपलब्ध नगराएकोले लाभग्राहीको खातामा जम्मा भएको तर निष्क्रिय रुपमा रहेको रकम एकिन हुन सकेन । बैंकबाट हालसम्मका सम्पुर्ण डोरम्याट खाताको विवरण प्राप्त गरी निष्क्रिय खातामा रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ ।

२३.३ **के वाइ सी अद्यावधिक नभएकोः** सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराएतापनि लाभग्राहीको खाता अध्यावधिक भई सक्रिय र निष्क्रिय खाताको अवस्था खुलेको विवरण उपलब्ध गराएको छैन । यसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेको एकिन हुन सकिएन । अतः बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ ।

२४ **स्वास्थ्यतर्फ**

२४.१ **स्यानटरी प्याड खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ मा सार्वजनिक खरिदलाई बढी भन्दा बढी प्रतिस्पर्धी र मितव्ययी बनाउनुपर्ने व्यवस्था गरेको छ । पालिकाले गतवर्ष आ.व.२०७९।०८० (280±10mm Lenth, 75±5mm width and Thickness 15mm±2mm) को स्फेशिफिकेशन भएको स्यानटरी प्याड बोलपत्रमार्फत १०५३६ परिणाम रू. ४९।०० (मुअकर बाहेक) का दरले खरिद गरेकोमा यस वर्ष सोझै खरिद मार्फत गतवर्षको बमोजिम कै स्फेशिफिकेशन भएको १०५५६ परिणाम रू. ७३।०० का दरले (मुअकर बाहेक) खरिद गरेको छ । यस बर्ष सोझै खरिद गर्नुपर्ने कारणको प्रमाण पेश गरेको छैन । गत वर्षको खरिद मुल्यको आधारमा रू. २५२८६४।०० (मुअकर बाहेक) व्ययभार परेको देखिन्छ । सार्वजनिक खरिद ऐन, नियम बमोजिम प्रतिस्पर्धीको लाभ प्राप्त हुने गरी खरिद कार्य सञ्चालन गर्नुपर्दछ ।

२४.२

**स्यानटरी प्याडको गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपुर्ति गरिएका मालसामान सम्झौता उल्लिखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था गरेको छ । पालिकाले स्यानटरी प्याड खरिद गर्न (२८०±१०mm Lenth and ७५±५mm width Thickness 15mm±2mm) को स्फेशिफिकेशन निर्धारण गरी सिद्धार्थ ट्रेड एण्ड सप्लायर्स, अमरगढी-०४ डडेल्धुराबाट रू.८७१५८९१६।०० को स्यानटरी प्याड खरिद गरेकोमा स्फेशिफिकेशन बमोजिम स्यानटरी प्याड आए नआएको गुणस्तर चेकजाँच गरेको छैन । पालिकाको यसतर्फ ध्यान जानुपर्दछ ।

२५ **पकेट क्षेत्रमा खोर/गोठ सुधार कार्यक्रमः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा खर्चमा एकरुपता ल्याउन मापदण्ड तोकिनुपर्ने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा बजेटमा समावेश गरी निकायलाई आर्थिक अनुदान दिँदा लक्ष्य, कार्यक्रम र लागत अनुमान र नियमबाट दिने स्पष्ट खुलाई पेश गर्नुपर्ने उल्लेख छ । सोही नियमको उपनियम ५ मा अनुदानबाट संचालित कार्यक्रमको नियमित अनुगमन तथा मुल्याङ्कन समेत गर्नुपर्ने व्यवस्था छ । कृषक समूह छनौट गर्दा के कति फर्म।समूह।व्यक्तिद्धारा निवेदन दिएको भन्ने नखुलेको र गाउँ सभाको निर्णयमा पनि उल्लेखित व्यहोरा परेको छैन । पालिकाले कल्याण कृषक समूहलाई छनौट गरी रू. ५०००००।०० भुक्तानी गरेको छ । पालिकाले नियमानुसार कृषि कार्यक्रमहरू संचालन गर्नको लागि अनुदानार्थ रकम भुक्तानी गरेको छ । कार्यक्रम संचालन कार्यविधि तथा मापदण्ड तयार नगरी संचालित कार्यक्रम व्यवस्थित र प्रभावकारी हुन्छ भन्न सकिने अवस्था छैन । अनुदान कार्यलाई मापदण्ड र पद्धतिमा आधारित बनाई छनौट प्रक्रीयालाई पारदर्शी र सहभागितामुलक बनाउनुपर्दछ ।

२६ **कृषितर्फ**

**सोझै खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१)ख मा एक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक गरी १० लाखभन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था गरेको छ । पालिकाले कृषकहरुलाई अनुदान वितरण गर्नको लागि कृषि सामाग्रीहरू खरिद गर्दा उल्लेखित सीमाभन्दा बढी एउटै सप्लायर्स लक्ष्मी एग्रोभेट सेन्टर, डडेल्धुराबाट रू. १९५०२०९।०० कृषि सामाग्रीहरू खरिद गरेको छ । एकै प्रकृतिका सामाग्रीहरू खरिद गर्दा खुल्ला प्रतिस्पर्धामार्फत खरिद प्रक्रियालाई बढी भन्दा बढी प्रतिस्पर्धी र मितव्ययी बनाउनुपर्नेमा पालिकाको त्यसतर्फ ध्यान गएको देखिदैन । पालिकाले यसरी खर्च गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्नुपर्दछ ।

२७ **पुँजिगततर्फ**

२७.१ (१४-२०८०-७-१):

**बढी भुक्तानी-**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२१** को निर्णयले रू **१३,०३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२७.२ **उपभोक्ता समितिको कार्यमा सब-कन्ट्र्याक्टरः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र निर्माण व्यवसायी वा सब-कन्ट्र्याक्टरबाट गराउन नसकिने तथा कारणवश सो समिति आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाई दिनुपर्ने त्यसरी सूचना प्राप्त भएपछि सार्वजनिक निकायले सो सम्बन्धमा आवश्यक जाँच गरी सो समितिसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र यस नियमावली बमोजिम गराउनुपर्ने उल्लेख छ । सो विपरित निर्माण कार्य गराएमा उपनियम १३क अनुसार उपभोक्ता समितिसँगको संझौता रद्ध गरी सोको अभिलेख राखी भविष्यमा कार्य गर्न नदिने र सव कन्ट्राक्टमा काम गर्ने निर्माण ब्यवसायीलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद

अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाबाट वडा नं. २ मा खेलकुद निर्माण गर्न रू. १६६०७७६०।०० को लागत अनुमान गरी खेलकुद पूर्वाधार निर्माण उपभोक्तासँग सम्झौता गरेकोमा उक्त उपभोक्ता समितिले २०८०।११।११ मा जनश्रमदानबाट खेलकुद निर्माण कार्य सम्पन्न गर्न सम्भव नभएकोले एस.के. कन्स्ट्रक्शन निर्माण सेवा गन्यापधुरा-१ लाई निर्माण कार्यको जिम्मा दिई कार्य गराएको छ । यस्ता कार्य उपभोक्ता समितिबाट गराउँदा लागत सहभागिता र रोजगारी सृजना नहुने हुन्छ । अतः पालिकाले रोजगारी सृजना हुने श्रममूलक कार्य मात्र उपभोक्ता समितिबाट सम्पादन गराउनुपर्दछ । उपभोक्ता समितिको कार्य निर्माण व्यवसायीबाट गराएकोले उक्त उपभोक्ता समितिलाई भविष्यमा काम नगराउने गरी अभिलेख राखी उक्त निर्माण ब्यवसायीलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गरी उक्त खर्च नियमित गर्नुपर्ने रू.

| | |
|---|---|
| अनियमित भएको | १२,३५,७३५.७६ |

२७.३ (३१-२०८१-२-१):

**बढी भुक्तानी (वडा नं.२ को रङ्गशाला निर्माण):** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य बिल बिजकको भुक्तानी गर्दा वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा नं.२ मा खेलकुद रंगशाला निर्माण गर्दा खेलकुद पूर्वाधार निर्माण उपभोक्ता समितिसँग सडक विभागको Norms for rate analysis of road and bridge works को नर्म्स अनुसार Roadway Excavation in all types of Soil by Manual रू. १५०।०० दिने सम्झौता भएको छ । उक्त उपभोक्ता समितिको मिति २०८०।११।११ गतेका दिन जनश्रमदानबाट खेलकुद निर्माण कार्य सम्पन्न गर्न सम्भव नभएकोले एस.के. कन्स्ट्रक्शन निर्माण सेवा गन्यापधुरा-१ लाई निर्माण कार्यको जिम्मा दिई डोजरबाट कार्य गराएकोमा Roadway Excavation in all types of Soil by Manual रू. १५०।०० का दरले नै ९८८९।८४ घ.मी.को रू. १३१०६५१।०० रकम भुक्तानी गरेको छ । डोजरले कार्य गराएको अवस्थामा Roadway Excavation in all types of Soil by Machine नर्म्स अनुसार रू. १२४।९५ (Reference Section 907) का दरले रकम भुक्तानी गर्नुपर्नेमा प्रति घनमिटर रू. १५०।०० का दरले नै अर्थात रू. २५।०५ को बढी दररेट फरक पारी भुक्तानी गरेको छ । अतः पालिकाले बढी दररेटमा भुक्तानी गरेको असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४७,७४०.४९ |

२७.४ **पेश्कीको अनुगमनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवाप्रदायकलाई खरिद सम्झौतामा व्यवस्था भए बमोजिम पेश्की दिन सकिने र दिइएको पेश्की रकम जम्मा भएको बैंकको खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सार्वजनिक निकायलाई नियमित रूपमा उपलब्ध गराउनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विभिन्न निर्माण व्यवसायीहरूलाई पेश्की दिइएकोमा उक्त पेश्की रकमको खर्चको प्रयोजन खुल्ने मासिक विवरण पालिकालाई पेश गरेको छैन भने पालिकाबाट पनि सो रकमको अनुगमन भएको छैन । पेश्की रकम जुन प्रयोजनको लागि लिएको सो बमोजिम खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गरी प्रयोजन बमोजिमको खर्च सुनिश्चितता गर्नुपर्दछ ।

## २८ जिन्सी दाखिला

**विस्तृत आयोजना प्रतिवेदनको दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा डिपिआर (विस्तृत आयोजना प्रतिवेदन) तथा सम्भाव्यता अध्ययन सहितको मालसामान जिन्सी दाखिला गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले विगतदेखि नै तयार भएका डिपिआरको विवरण लेखापरीक्षणमा उपलव्ध नगराएको तथा जिन्सी दाखिला समेत गरेको देखिएन । विवरण नहुँदा डिपिआर गरिएका योजनाहरु कार्यान्वयनमा गए नगएको एकीन गर्न सकिएन । गाउँपालिकाले यो वर्ष रू. १६३८२०५।०० खर्च गरी तयार गरेका देहायका डिपिआर जिन्सी दाखिला गर्नुपर्ने रू.

| गोभौ। मिति | डिपिआर तयार गर्नेको नाम | विवरण | भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| ५६।०८०।११। ११ | एकीकृत विकास समाज | विपद प्रतिकार्य योजना निर्माण | १५००००। ०० | कार्यान्वयनमा गएको |
| ६६।२०८०। १२।२ | वेष्ट हिमालय इन्जिनियरिङ सोलुसन प्रालि | देवल लिफ्ट सिंचाई योजना | ४९९१४९। ०० | कार्यान्वयन बाँकी |
| १३०।०८१।३। २० | घण्टेश्वर इन्जिनियरिङ सोलुसन प्रालि | लाटागन्याप, शिखर, मष्टा, कैलपाल मन्दिर | ९९७०५६। ०० | कार्यान्वयन बाँकी |
| | | जम्मा | १६३८२०५। ०० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,३८,२०५ |

२९ **सम्पतिको स्वामित्व** (३९-२०८१-३-२४):

**जग्गाको स्वामित्व र उपयोगः** सार्बजनिक खर्चमा मितब्ययिता र प्रभावकारिता कायम गर्ने नीतिगत मार्गदशन, २०७८ ले खर्चको महत्तम उपयोग हुनुपर्ने सुझाएको छ । गाउँपालिकाले प्रदेश सरकारबाट प्राप्त वजेट रू. ७ लाखबाट वडा नं. २ मा जैविक अनुसन्धान केन्द्र निर्माण उपभोक्ता समिति मार्फत कार्य गराई २ ढोका र २ झ्याल भएको जस्तापाताले छाएको भवनमा रू. ६७२०००।०० खर्च गरेको छ । तयार गरेको भवन उपयोग नभएको तथा जग्गाको स्वामित्व प्राप्त गर्ने तयारी गरेतापनि मैलोडा पोखरा ४ ख कि नं. ६१ मा रहेको उक्त भवन जग्गाधनी भोजराज भण्डारीको नाममा रहेको पाइयो । जग्गाको स्वामित्व र उपयोग योजना नबनाई गरेको उक्त खर्च नियमित गर्नुपर्ने रू.

| | |
|---|---|
| अनियमित भएको | ६,७२,००० |

३० **सामुदायिक वनको रोयल्टी**

स्थानीय सरकार संचालन ऐन, २०७४ मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र सोही बमोजिम वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । गन्यापधुरा आर्थिक ऐन, २०८० को दफा १६ मा गाउँपालिकाले पालिका भित्रका सामुदायिक वनहरुले आफनो एक आर्थिक वर्षको कूल वार्षिक आम्दानी गरेको रकमको १० प्रतिशत रकम असुल गर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा पालिका अन्तर्गतका ५ सामुदायिक वन उपभोक्ता समितिहरु मध्ये ४ वटा वनले १० प्रतिशतले हुने रकम पालिकामा जम्मा गरेको देखिएन । पालिका अन्तर्गतका सबै सामुदायिक वन उपभोक्ता समितिहरुको वन पैदावार विक्रीबाट प्राप्त रकमको एकिन गरी सोको १० प्रतिशतले हुने रकम स्थानीय संचित कोषमा जम्मा गर्नुपर्दछ ।

३१ **शिक्षातर्फ**

३१.१ **विद्यालय पुस्तक खरिदः** शिक्षा कार्यक्रम कार्यान्वियन निर्देशिका, २०८०।०८१ को क्रियाकलाप नं.९.२ मा अनुदानबाट विद्यार्थीको पठनपाठनसँग असम्बन्धित र असान्दर्भिक पुस्तक तथा सामग्रीहरू खरिद गर्न नपाईने व्यवस्था गरेको छ । लाटामाण्डौ आधारभुत विद्यालयल गन्यापधुरा-०४ को विद्यालयले पठनपाठनसँग असम्बन्धित र असान्दर्भिक पुस्तक खरिद गरेको छ । पालिकाबाट निर्देशिका विपरित पुस्तक खरिद गर्ने विद्यालयहरूको अनुगमन नियमन गर्नुपर्दछ ।

३१.२ **दिवाखाजाः** शिक्षा कार्यक्रम कार्यान्वियन निर्देशिका, २०८०।०८१ को क्रियाकलाप न. २.७.११.१ मा दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएको जङ्क फुड नखुवाउने । ताजा र पोषिलो दिवा खाजाका लागि उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न, तरकारी, दुध, दही, माछा मासु, फलफूल लगायतका सामग्रीहरू स्थानीय कृषकबाट खरिद गर्ने तथा स्थानीय

कृषकसँग खरिद गरिएका खाद्यान्नको परिणाम खुल्ने विवरण र बील भरपाई सुरक्षित रूपमा राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन गर्ने व्यवस्था मिलाउने व्यवस्था गरेको छ । नमूनाको रूपमा केहि विद्यालयको विलहरू हेर्दा जङ्क फुडहरू खरिद गरि बालबालिकाहरूलाई दिवा खाजा खुवाएको देखिन्छ भने विद्यालय व्यवस्थापन समितिबाट त्यसको अनुगमन भएको देखिदैन । पालिकाको यसतर्फ ध्यान जानुपर्दछ ।

३१.३ **अनुगमनः** शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८०।०८१ को क्रियाकलाप न.२.७.११.१ मा विद्यालयबाट सञ्चालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने तथा सबै सामुदायिक विद्यालयमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने छ । उक्त निरीक्षण पुस्तिकामा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्तिले आफ्नो राय सुझाव उल्लेख गर्ने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष दिवा खाजा कार्यक्रमको लागि २३ विद्यालयललाई रू. ५१२५०००।०० निकासा दिईएकोमा सोको निरीक्षण अनुगमनबाट गरेको छैन । पालिकाले अनुगमन प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ ।

३२ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू.२२२००००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रू.१९३०४४४।७४ अर्थात अनुमान भन्दा ८६.९५ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिनुपर्दछ ।

३३ **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

३४ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएतापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

३५ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।०३।०८ मा रू. ३९ करोड ३० लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।१२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई २० दिन ढिला बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ ।

३६ **बजेट तथा कार्यक्रम तर्जुमा समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था छ । पालिकाले उक्त समिति गठन गरेको देखिदैन । पालिकाले यसतर्फ ध्यान जानुपर्दछ ।

३७ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

३८ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

३९ **मध्यमकालिन खर्च संरचना**

स्थानीय सरकारी संचालन ऐन, २०७४ को दफा २४(१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले मध्यमकालिन खर्च संरचना निर्माण नगरी बजेटको कार्यान्वियन गरेको देखिन्छ । मध्यमकालिन खर्च संरचना बनाएर बजेट कार्यान्वियन गर्नेतर्फ ध्यान जानुपर्दछ ।

४० **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

४१ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू. ७३७११२७६।३३ पुँजीगत खर्च खरिद निर्माण कार्य गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

४२ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिकाका ५ वडामा १६ योजना सञ्चालन गरी यस वर्ष ८८ जनालाई औषत ९५ दिनले १०० दिन रोजगारी उपलव्ध गराई रू. ५५१३३१८।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

४३ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद र अनुदान वितरणमा रू.२८०६५००। ०० खर्च लेखेको छ । पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

४४ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २२ वटा ऐन, ४ वटा नियमावली, ५८ कार्यविधि लगायत ८४ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले ३५ वटा कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनुपर्दछ ।

४५ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनुपर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २३ वटा सहकारी संस्था रहेका छन् । पालिकाभित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्थाबारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

४६ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | २९०२८००० | २३९७०१८८।२३ | ८२.५८ |
| २ | पूर्वाधार विकास | ७०२६०५६० | ४७४७०२६३।७२ | ६७.५६ |
| ३ | सामाजिक विकास | १८८५०७००० | १६५१०१४४८।२६ | ८७.५८ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ४२००००० | ३१५९३९४ | ७५.२२ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १०१०५०७०९।२३ | ६०१२००६६।३० | ५९.४९ |
| जम्मा | | ३९३०४६२६९।२३ | २९९८२१३६०।५१ | ७६.२८ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ८७।५८ प्रतिशत र अन्य कार्यालय संचालन तथा प्रशासनिकमा सबै भन्दा घटीमा ५९।४९ प्रतिशत रहेको छ ।

४७ **वित्तीय विवरणको यथार्थता**

आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू. ७९२२५९६१।०० स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रू. १९९८४४२।८९ र स्वास्थ्य सुधार कार्यक्रम रू. ४५०००।०० समेत गरी रू. ८१२६९४०४।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४८ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगततर्फ | ७३७११२७६।३३ | ८९५७०८।०० | १५५७२९५७।६८ | १७२७१५१९।१५ | ३९९७१०९१।५ | २७५४२९७८।०१ |
| प्रतिशत | १०० | १.२१ | २१.१२ | २३.४३ | ५४.२२ | ३७.३६ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रू. ७३७११२७६।३३ निकासा भएकोमा प्रथम त्रैमासिकमा रू. ८९५७०८।०० (१.२१ प्रतिशत), दोस्रो त्रैमासिकमा रू. १५५७२९५७।६८ (२१.१२ प्रतिशत), तेस्रो त्रैमासिकमा रू. १७२७१५१९।१५ (२३.४३ प्रतिशत) र चौथो त्रैमासिकमा रू.३९९७१०९१।५ (५४.२२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू. २७५४२९७८।०१ (३७.३६ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

४९ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

### ५० पदाधिकारी सुविधा

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-१ मा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र गाउँ कार्यपालिका सदस्यलाई मासिक सुविधा सम्बन्धी व्यवस्था गरेको छ । पालिकाले यस वर्ष पदाधिकारीहरुलाई मासिक सुविधा अन्तर्गत रू. ५३४८५००।०० भुक्तानी गरेको छ । जुन आन्तरिक आय रू. ६३४५४९१।८६ को ८४.२४ प्रतिशत हुन आउँछ । आन्तरिक आयलाई ध्यानमा राखि पदाधिकारी सुविधा भुक्तानी गर्नुपर्दछ ।

### ५१ पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२१** को निर्णयले रू **१३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| अनियमित भएको | ० |

### ५२ विविध तथा सभा संञ्चालन खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविधतर्फ (खाजा, खानालगायत) रू.१६५८३४२।०० र सभा संञ्चालनका लागि रु. १९७६९०।०० गरी कुल रू. १८५६०३२।०० खर्च गरेको छ । जुन आन्तरिक आय रु. ६३४५४९१।८६ को २९.२४ प्रतिशत हुन आउँछ । यस प्रकारको खर्चमा आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययीरुपमा खर्च गर्ने व्यबस्था हुनुपर्दछ ।

### ५३ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १०५००००।०० | १०७६८८२।०० | १०२.५६ |
| घरजग्गा वहाल कर | २०००००।०० | ४६६७१४।०० | २३३.३५ |
| व्यवसाय कर | ४९००००।०० | १३९८८०५।०० | २८५.४७ |
| वहाल विटौरी शुल्क | ८००००।०० | ० | ० |

पालिकाभित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ, आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनुपर्दछ ।

### ५४ स्थानीयतह संस्थागत क्षमता स्वमूल्याकन (LISA) प्रतिवेदन

स्थानीय तहको कार्य प्रकृया र उपलब्धीहरुको बारेमा लेखाजोखा गरी सबल र दुर्वल पक्षहरुको पहिचान गरी शासकीय क्षमता, आर्थिक व्यवस्थापन, सेवा प्रवाह लगायत विभिन्न १० विषय क्षेत्रहरुमा आधारित सुचकहरुको मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक सुधार गर्ने उद्येश्यले

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्माण गरेको कार्यविधिको आधारमा स्थानीय तहहरुले आफ्नो संस्थागत क्षमता मूल्याङ्कन गर्ने गरिएको छ । यो वर्ष मूल्याङ्कन प्रतिवेदनमा यस पालिकाले पुर्णाङ्क १०० मा ६५.७५ अंक प्राप्त गरेको विवरण प्राप्त भएको छ । तसर्थ, पालिकाले संस्थागत सुधार ल्याउन अझ तोकिएको विषयहरुमा विशेष ध्यान जानुपर्दछ ।

५५ **पेश्की ब्यवस्थापन** (५९/२०८१-३-२३):

**फस्र्योट हुन बाँकी पेश्की:** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ नियम ५२ मा तथा सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ११३ अनुसार पेश्की रकम फस्र्योट गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले देहायका म्याद बाँकी रहेका मोवालाइजेशन पेश्की फस्र्योट गरेको देखिएन । नियमाुसार पेश्की फस्र्योट गर्नुपर्दछ ।

| गोभौ। मिति | पेश्की लिनेको नाम | विवरण | पेश्की रू |
|---|---|---|---|
| ५९।०८१।३।२३ | जुनकिरी इण्डष्ट्रिज प्रालि (स्थालेन ३०००३००२४) | सकायल-धान्तडा झोलेङ्गे पुलको सामग्री खरिद | ६०००००।०० |
| विगत आव को पेश्की | सोवर्ण भिभा जेभी | प्रशासकीय भवन निर्माण | ४२२६१४४।०० |
| | | जम्मा | ४८२६१४४।०० |

५६ **परामर्श खर्च**

५६.१ (५६/२०८०-११-११):

**परामर्श कर:** आयकर ऐन, २०५८ को दफा ८७ मा परामर्श सेवाको आयमा १५% आयकर कट्टि गरी भुक्तानी दिनुपर्ने ब्यवस्था छ । गाउँपालिका पुँजीगत शीर्षकबाट विपद प्रतिकार्य कार्ययोजना तयार गरेको जनाई एकीकृत विकास समाज डडेल्धुरालाई वील विजक बेगर रू. १५००००।०० भुक्तानी गर्दा १५% आयकर रू. २२५००।०० कट्टि गर्नुपर्नेमा कर नै कट्टि गरेको पाइएन । मूअकर बीजक संलग्न नभएको उक्त भुक्तानीमा १५% परामर्श सेवाको अग्रीम कर दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,५०० |

५६.२ **फरक नर्म्स:** सार्वजनिक खर्चमा मितब्ययिता कायम गर्ने नीतिगत मार्गदर्शन, २०७८ ले खर्चमा मितब्ययिता कायम गर्ने तरिका सुझाएको छ । गाउँपालिकाले देहायका उपभोक्ता समितिसँग काम गराउँदा शहरी विकास तथा भवन निर्माण विभागको नर्म्स प्रयोग गरी ज्यालाको लागत अनुमान (सिपालुको रू ११०० तथा ज्यामीको रू ७३० दर राखी) तयार गरेको पाइयो । प्रशासकीय तथा विद्यालय भवनमा शहरी विकास तथा भवन निर्माण विभागको नर्म्स र सडक तथा अन्य पुर्वाधारमा सडक विभागको नर्म्स प्रयोग गरी खर्चमा मितब्ययिता कायम गर्नुपर्दछ ।

| योजनाको नाम | कामको परिमाण | भवन विभागको नर्म्स | | सडक विभागको नर्म्स | | भुक्तानी दर | फरक नर्म्सका कारण वढी भुक्तानी | कामको विवरण |
|---|---|---|---|---|---|---|---|---|
| | | सिपालु | ज्यामी | सिपालु | ज्यामी | | | |
| साहुखर्क सार्वजनिक शौचालय | ५.६४ घमि | ०.८ | ७ | ०.२ | २ | ४३१० | २४३०८ | पिसिसि १:१.५:३ |
| | ५३१.५७ केजी | ०.०१ | ०.०१ | ० | ०.०१ | ८.८० | ४६७८ | स्टिल रिन्फोर्समेण्ट बार |
| | ७.७१ घमि | ० | १.५ | ०.०१ | ०.३ | ८६५ | ६६७० | स्टोन बोल्डर सोलिङ |
| | | | | | | जम्मा | ३५६५६ | |
| जैविक अनुसन्धान केन्द्र निर्माण | ४.४१ घमि | ० | १.५ | ०.०१ | ०.३ | ८६५ | ३८१५ | स्टोन बोल्डर सोलिङ |
| | ०.९९ घमि | ०.८ | ७ | ०.२ | २ | ४३१० | ४२६७ | पिसिसि १:२:३४ |
| | २२८.९ घमि | ०.०१ | ०.०१ | ० | ०.०१ | ८.८ | २०१५ | स्टिल रिन्फोर्समेण्ट बार |
| | | | | | | जम्मा | १००९७ | |
| | | | | | कूल जम्मा | | ४५७५३ | |

५७ **फरक शिर्षक पारी खर्च**

एकीकृत आर्थिक सांकेतिकरण तथा वर्गीकरण र व्याख्या, २०७४ को दफा २.२ मा खर्च संकेत नं. २२६११ बाट बजेट खर्च गर्दा अनुगमन तथा मूल्याङ्कन कार्य तत्सम्बन्धी प्रतिवेदन तथा निरीक्षणको लागि हुनेखर्च र अनुगमन गर्ने पदाधिकारी तथा कर्मचारीहरूको दैनिक भ्रमण भत्ता लगायतका खर्चहरू समावेश गरिने व्यवस्था गरेको छ । पालिकाले उक्त खर्च संकेत नं. २२६११ बाट अनुगमन मुल्याङ्कन र निरीक्षण र तत्सम्बन्धी प्रतिवेदनको लागि खर्च गर्नुपर्नेमा फरक कार्यहरू भ्रमण भत्तामा रकम खर्च गरेको छ । जुन खर्च शिर्षकमा बजेट विनियोजन गरिएको छ सोही बमोजिम मात्रै बजेट खर्च गरी वित्तीय सुशासन कायम गर्नुपर्दछ । पालिकाले नियमित गर्नुपर्ने रकम रू.

| | |
|---|---|
| अनियमित भएको | ११,००,००० |

५८ **नियन्त्रण वातावरणको विश्लेषण**

५८.१ (२८/२०८०-८-२६):

**निर्माण ब्यवसायी कोष-**

..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-२७** को निर्णयले रू **७,८४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५८.२ **विओक्यू भन्दा वढी कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद संझौतामा उल्लेख भए अनुसार कार्य सम्पन्न गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले न्यू नवदुर्गा निर्माण सेवासँग वडा नं. ३ को कार्यालय भवन निर्माण गर्न २०८०।५।२७ मा ०८१।२।१५ भित्र कार्य सम्पन्न गर्ने गरी रू. ७८४२७३३।३२ को संझौता गरेकोमा रू. ७५८१३३९।२८ खर्च गरेको छ । भवनको भित्ता लगायत अन्य काममा वृद्धि नभएको अवस्थामा विओक्यूमा प्लाष्टरको काम २८७.७४ वर्गफिट उल्लेख गरेकोमा कार्य सम्पन्न प्रतिवेदनमा ६००.१७ वर्ग फिट देखाएको छ । तोकिए अनुसारका सबै कार्य पूरा गर्नपर्नेमा प्लाष्टरको काममा मात्र ३७१.८० (दर रू.

३००) वर्ग फिट बढी काम गरेको देखाई मूअकर सहित रू. १२६०४०।०० खर्च गरेको पाइयो । भेरिएसन आदेश स्वीकृत नगरेको तथा प्लाष्टर मात्रको थप कार्य गर्नु औचित्यपूर्ण देखिएन । यस सम्बन्धमा गाउँपालिकाले यथार्थता एकीन गर्नुपर्ने देखिएको रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२६,०४० |

५८.३ **दिवा खाजाः** दिवा खाजा ब्यवस्थापन सहयोगी पुस्तिका, २०७७ को दफा ६ मा विद्यालयमा प्रारम्भिक वाल विकासदेखि कक्षा ५ सम्मका अध्ययनरत विद्यार्थीको उपस्थितिको सत्यापन गरेर मात्र दिवा खाजा उपलव्ध गराउनुपर्ने ब्यवस्था छ । गाउँपालिकाले यो वर्ष देहाय अनुसार २३ विद्यालयलाई दिवाखाजा निकासा गर्दा विद्यार्थी संख्यालाई सत्यापन नगरी विद्यालयले पेश गरेको विद्यार्थीको हाजिरी विवरण वमोजिम रू. ४७२८८००।०० निकासा गरेको पाइयो । विद्यार्थी संख्याको सत्यापन गरेर मात्र दिवा खाजाको निकासा गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ५८.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५८.४ **बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा प्राविधिक मूल्यांकन अनुसार मात्र खर्च लेख्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले गो भौ ४५।०८०।३।१७ बाट सुरक्षित नागरिक आवासको कार्यक्रममा खिमादेवी वोहरालाई प्राविधिक मूल्यांकन भन्दा रू. १८३८८।०० बढी भुक्तानी गरेको पाइयो । उक्त रकम असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,३८८ |

५८.५ **अनुदान वितरणः** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ३९ को उपनियम (५) बमोजिम कुनै संघ वा संस्थालाई दिएको रकम जुन कामको लागि दिइएको हो सो काममा लक्ष्य अनुसार खर्च गरे वा नगरेको र त्यस रकमको कानून बमोजिम लेखापरीक्षण भए वा नभएको अनुगमन गरी वार्षिक विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र आर्थिक मामिला मन्त्रालयमा पठाउनुपर्ने, उपनियम (६) बमोजिम आर्थिक सहायता तथा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागत समेत खुलाई दिनुपर्ने उल्लेख छ । कार्यालयले निम्न अनुसार रू. १५००००।०० अनुदान वितरण गर्दा उक्त नियमको पालना गरेको देखिएन ।

| गोभौ। मिति | रकम प्राप्तकर्ताको नाम | खर्च रू. |
|---|---|---|
| १११।०८१।३।६ | वैजनाथ कोटीहोम अछाम | १०००००।०० |
| १०९।०८१।२।३१ | नवदुर्गा आमा समूह, डोटी | ५००००।०० |

यसका अतिरिक्त वितरित अनुदान रकम उपयोग गरी थप रोजगारी सृजना गरेको, राजश्वमा योगदान पु-यायको, अनुदान रकमबाट अनुकरणीय व्यवसाय सञ्चालन गरी अन्य व्यक्ति वा समुदायलाई अनुदान पाए अनुसार सहुलियत दरमा सेवा प्रबाह गरिरहेको छ भनी सुनिश्चित हुने अबस्था छैन । अनुदान दिँदा कानून बमोजिम सबै प्रकृया पुरा गरी अनुदान दिने र अनुदान दिएको रकमको उच्चतम उपयोग गरी सेवा प्रवाह गरेको सुनिश्चित हुनुपर्दछ ।

५९ **अन्यत्र खर्च**

**अन्य जिल्लामा खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आय र भूगोलको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले यो वर्ष देहाय अनुसार अन्य जिल्लामा खर्च गरेको छ । गाउँपालिकाको क्षेत्र वाहिर गरेको यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ ।

| क्र.सं. | रकम प्राप्तकर्ताको नाम | जिल्ला | खर्च रु |
|---|---|---|---|
| १ | नवदुर्गा आमा समूह शिखर नगरपालिका- १ | डोटी | ५००००।०० |
| २ | बैजनाथ कोटिहोम धर्म संस्कृति तथा पर्यटन प्रवर्द्धन समिति | अछाम | १०००००।०० |
| | | जम्मा | १५००००।०० |

## ६० मौज्दात ब्यवस्थापन

६०.१ **औषधिको म्यादः** स्वास्थ्य सेवा ऐन २०५३ तथा नियमावली, २०५५ मा औषधि खरिद गर्दा औषधिको म्याद कम्तीमा १८ महिना बाँकी रहेको हुनुपर्ने ब्यवस्था छ । गाउँपालिकाले खरिद/प्राप्त गरेका देहाय औषधिको म्याद सकिन लागेको समेत देखियो । गाउँपालिकाले कम्तीमा १८ महिना भन्दा वढी अवधि भएका औषधि मात्र खरिद गर्न ध्यान दिनुपर्दछ ।

| सि.नं. | औषधिको नाम | औषधिको म्याद |
|---|---|---|
| १ | एमोक्सिलिन क्याप्सुल | अप्रिल २०२५ |
| २ | भिटामिन बी कम्प्लेक्स ट्याबलेट | मे २०२५ |
| ३ | स्टासेफ २५० एमजी | डिसेम्बर २०२४ |
| ४ | रोटाहिलर २०० | अक्टोबर २०२४ |
| ५ | युम्बिल जेल | डिसेम्बर २०२५ |

६०.२ **सेनेटरी प्याड मौज्दात-**

✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२१** को निर्णयले रू **२४७,४७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ६१ आन्तरिक नियन्त्रण

६१.१ **आन्तरिक नियन्त्रणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ दफा ३१, र नियमावली २०७७ नियम ८१ एवं स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ बमोजिम सबै सरकारी निकायले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरेतापनि कार्यान्वियन गर्न आन्तरिक नियन्त्रण समिति गठन नगरेको र आन्तरिक नियन्त्रण प्रणालीको नियमित रुपमा निरीक्षण तथा सुपरीवेक्षण गरेको पाइएन । यस सम्बन्धमा देहायका थप व्यहोरा देखिएका छन ।

- वित्तीय प्रतिवेदन तयार गरी तोकिएको समय अवधि समाप्त भएको मितिले ७ दिन भित्र बिद्युतिय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्नेमा नगरेको ।
- न्यायिक समितिमा यो वर्ष उजुरी नपरेको ।
- ठेक्का नलागेको जनाई दहत्तर बहत्तर शुल्क अमानतबाट संकलन गरेको ।
- यो वर्षसम्म ८४ ऐन, कानून तथा कार्यविधि तयार गरेको ।
- बिगतमा तयार भएको वडा २ पारिखेतमा रहेको शितभण्डार लाटागन्याप शीत भण्डार केन्द्रलाई २ वर्षका लागि संचालन गर्न दिएको ।
- भुक्तानीको लागि बिल, भरपाई र आवश्यक कागजात संलग्न गरी भुक्तानी कारोवारको सिफारिस पत्र (म.ले.प.फा.न. २०२) संलग्न नगरेको ।

- गाउँपालिकाको प्रशासकीय भवन नभएको र नयाँ भवन तथा खेल मैदान निर्माणाधीन अवस्थामा रहेको ।
- सामुदायिक वन उपभोक्ता समितिको अभिलेख राखी रोयल्टी प्राप्त नगरेको ।
- फोहोर ब्यवस्थापन सम्बन्धी कार्य शुरु नगरेको ।
- सहकारी संस्थाको नियमित अनुगमन र सुपरीवेक्षण नभएको ।
- घ बर्गका निर्माण ब्यवसायीको लगत अद्यावधिक गरी अनुगमन नगरेको ।
- भवन तथा संरचनाको पुर्वाधार निर्माणमा नक्सा पास गराउने अभ्यास नै शुरु नभएको ।
- ई-हाजिरी लागू नगरेको ।
- वार्षिक प्रगति प्रतिवेदन तयार नगरेको ।
- जग्गाको स्वामित्व एकीन गरेर मात्र भवन लगायतका संरचना तयार गर्नुपर्ने ।
- गाउँपालिकाले गोभौ १०८।०८०।९।२४ बाट भूमि आयोग डडेल्धुराका कर्मचारी श्री खम्बबहादुर शाहीलाई रु ३५६४०।०० खाना खाजा खर्च (६ महिनाको) भुक्तानी गरेकोमा निजले सम्पादन गरेको कामको अभिलेख अद्यावधिक नगरेको ।
- सोवर्ण भिभा जेभीको यो वर्ष जिम्मेवारी सरेको पेश्की रु ४२२६१४४।०० नियमानुसार असुल फर्स्योट नगरेको ।

उल्लिखित ब्यहोरामा सुधार गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ, भरपर्दो र विश्वसनीय बनाउनुपर्दछ ।

६१.२ (१५१/२०८१-३-२२):

**खर्चको उपलब्धिः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा खर्चको उपलब्धि समेतलाई ध्यान दिई खर्च गर्नुपर्ने ब्यवस्था छ । गाउँपालिकाले प्रशासकीय अधिकृत श्री मान वहादुर विष्टलाई २०८०।८१ को स्थानीय आर्थिक सर्भेक्षण तयार गरेको जनाई १५% कर कट्टि गरी रू. ७६५००।०० भुक्तानी गरेको छ । गाउँपालिकाको आन्तरिक आय अत्यन्त न्यून रहेको एवं स्थानीय आर्थिक सर्भेक्षणको उपयोगिता समेत नदेखिएको तथा कार्य सम्पादन सूचक तयार नगरी प्रोत्साहन स्वरुप कर्मचारीलाई रकम उपलव्ध गराउनु उपयुक्त देखिएन । गाउँपालिकाले रोजगारी सृजना गर्ने, आय वृद्धि गर्ने कार्यक्रम संचालन गरी उपलव्धिमूलक खर्च गर्न जोड दिनुपर्दछ ।

६१.३ **वितरणमुखी खर्चः** स्थानीय सरकार संचालदन ऐन २०७४ समेतले रोजगारी सृजना गर्ने, आय वृद्धि गर्ने कार्यक्रम संचालन गर्न जोड दिएको छ । पालिकाले गरेका केही वितरणमुखी कार्यक्रमका उदाहरण निम्न छन ।

| सि.नं. | विवरण | खर्च रु |
|---|---|---|
| १ | कार्यपालिकाको २०८०।०९।१६ को निर्णयानुसार पालिकामा रहेका ५९ स्वयंसेविकालाई इन्डक्सन चुल्हो, कराई र कुकर वितरण गर्ने गरी ७२ सेट प्राप्त गरेकोमा स्वास्थ्य चौकी समेतलाई समावेश गरी वितरणमुखी कार्यमा खर्च गरेको । | ४०००००।०० |
| २ | गाउँपालिका अध्यक्ष अभिभावकत्व छात्रवृति तथा प्रोत्साहन कार्यक्रमबाट वडा ३ बाट सरस्वती कठायतलाई रु २५०००।०० समेत गाउँपालिका भित्रका २८ जनालाई (रू. ८०००।०० देखि रु २५०००।०० सम्म) वितरण गरेको । | ४६२०००।०० |

गाउँपालिकाले रोजगारी सृजना गर्ने, आय वृद्धि गर्ने कार्यक्रम संचालन गरी उपलव्धिमूलक खर्च गर्नमा जोड दिई वितरणमुखी खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

६१.४ (९/२०८०-७-१):

**उपभोक्ता समितिको कामः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा आर्थिक वर्षमा तोकिएका कार्य सोही वर्ष भित्रै सम्पन्न गर्नुपर्ने व्यवस्था छ । पालिका पुँजीगत शीर्षकबाट भात्काँडा माट्यालखाली सडक निर्माण तथा

बस्तीस्तरका सडक मर्मत उपभोक्ता समितिलाई सडक निर्माण तथा मर्मत गरेको जनाई गतवर्षको बाँकी भनी रू. २७७८०००।०० भुक्तानी गरेको छ । पालिकाले उपभोक्ता समितिलाई भुक्तानी गरेतापनि समितिले निर्माण व्यवसायीसँग ४ बुँदे संझौता गरी एसके कन्स्ट्रक्सन (स्थालेन ३०४१८२०७५) को बीजक नं. ६ मिति ०८०।०६।३० को मूअकर बीजक रू. ३०९४८६७।०० संलग्न गरेको छ । उपभोक्ता समितिको काम निर्माण ब्यवसायीबाट गराएको नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २७,७८,००० |

६२ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्नसक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहायबमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय (प्रतिशत) |
|---|---|---|
| २९९८२१३६०।५ | ६३४८९९१।८६ | २.११ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.११ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : गन्यापधुरा गाउँपालिका, डडेलधुरा , गन्यापधुरा गाउँपालिका , डडेल्धुरा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | दिलिप कुमार तामाङ | २०७६-६-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | पुजा कूमारी भट्ट | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६८७,७५७.४९ | ५,९४६,२३५.७६ | २,०५७,४६८ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ८,६९१,४६१.२५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ५९८,२९९ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ८,०९३,१६२.२५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ४८११७३००.४८ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २३५७९८३९८.९९ | चालु खर्च | २२६११००८४.१९ |
| प्रदेश सरकारबाट अनुदान | १२२२२३७२ | पूँजीगत खर्च | ७३७११२७६.३३ |
| राजश्व बाँडफाँट | ६६४४७३५६.२३ | वित्तीय/अन्य व्यवस्था | ९२३३९९८२.७४ |
| आन्तरिक आय | ६३४१९९२.५ | | |
| अन्य आय | ९००६७१४८.४५ | | |
| कुल आय | ४१०८७७२६८.१७ | कुल खर्च | ३९२१६१३४३.२६ |
| बाँकी मौज्दात | | ६६८३३२२५.३९ | |

## बेरूजु दफा ५८.३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| गन्यापधुरा गाउँपालिका, डडेल्धुरामा आ.ब.२०८०/८१ को दिवा खाजा निकासाको विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | विद्यालयको नाम | ठेगाना | प्रथम त्रैमासिक | द्वितीय त्रैमासिक | तृतीय त्रैमासिक | चौथो त्रैमासिक | जम्मा निकासा |
| १ | आदर्श प्रावि | गन्यापधुरा-१, डुम्राखोली | ४५३७५.०० | २१९९०.०० | २६९४०.०० | ४०२३०.०० | १३४५३५.०० |
| २ | चित्रकुट प्रावि | गन्यापधुरा-१, जर्मना | ३२१९०.०० | १५७९५.०० | १९५१५.०० | २६९७०.०० | ९४४७०.०० |
| ३ | असिग्राम आवि | गन्यापधुरा-१, राउनाकोट | ४३९९५.०० | २००५५.०० | ३१९३५.०० | ३०६७५.०० | १२६६६०.०० |
| ४ | असिग्राम मावि | गन्यापधुरा-१, रुवाखोला | ५८१५०.०० | २८९२०.०० | ४४२९५.०० | ४५४९५.०० | १७६८६०.०० |
| ५ | सरस्वती मावि | गन्यापधुरा-१, भात्काँडा | १२४६९५.०० | ६३०१५.०० | ७२३३५.०० | १२७५७०.०० | ३८७६१५.०० |
| ६ | दौपाल प्रावि | गन्यापधुरा-१, आटागाउँ | २७०००.०० | ११५६५.०० | १५९१५.०० | ३२२३०.०० | ८६७१०.०० |
| ७ | भुवनेश्वरी आवि | गन्यापधुरा-२, चम्साल | २९२२०.०० | १८३४५.०० | २४८४०.०० | १९९७०.०० | ९२३७५.०० |
| ८ | लाटागन्याप प्रावि | गन्यापधुरा-२, मालिगाउँ | ३४५३०.०० | २३३४०.०० | ३२९२५.०० | ३०२७०.०० | १२१०६५.०० |
| ९ | सिमेश्वर प्रावि | गन्यापधुरा-२, कुजाकोट | ५७१८०.०० | ३९०३०.०० | ४८०१५.०० | ५०३२५.०० | १९४५५०.०० |
| १० | दरपुर आवि | गन्यापधुरा-२, कोरगाउँ | ४६७२५.०० | ३१६९०.०० | ३९४५०.०० | ४४२९५.०० | १६२१६०.०० |
| ११ | समैजी प्रावि | गन्यापधुरा-२, थलकोट | ३३१३५.०० | २०२२५.०० | २३८०५.०० | २८८८५.०० | १०६०५०.०० |
| १२ | गणेश मावि | गन्यापधुरा-२, बडाल | ६३९९०.०० | ३९७५०.०० | ५४६९०.०० | ७७५९५.०० | २३६०२५.०० |
| १३ | गणेश प्रावि | गन्यापधुरा-४, मेड्डी | २९०३५.०० | १७६५५.०० | २६२६५.०० | २०२५०.०० | ९३२०५.०० |
| १४ | जनता प्रावि | गन्यापधुरा-५, कोराल | ६०५१५.०० | ३४४४५.०० | ५३१४५.०० | ५४७३५.०० | २०२८४०.०० |
| १५ | दुर्गा प्रावि | गन्यापधुरा-५, मोइ | ४३५३०.०० | ३०२४०.०० | ४६२३०.०० | ४०२७५.०० | १६०२७५.०० |
| १६ | सरस्वती प्रावि | गन्यापधुरा-५, कापडीगाउँ | ५५२४५.०० | ४०५३०.०० | ५५०८०.०० | ५७३७५.०० | २०८२३०.०० |
| १७ | भुवनेश्वरी मावि | गन्यापधुरा-४, जैसेरा | ११८६८०.०० | ७२१२०.०० | १०५०७५.०० | १२०१९५.०० | ४१६०७०.०० |
| १८ | सीताराम मावि | गन्यापधुरा-५, रेल | ५७३३०.०० | ५७१९५.०० | ७१५३५.०० | ७४४००.०० | २६०४६०.०० |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९ | लाटामाण्डौं आवि | गन्यापधुरा-४, रुमायल | १०७४००.०० | ७४३४०.०० | ९६६४५.०० | १०५२५५.०० | ३८३६४०.०० |
| २० | समैजी आवि | गन्यापधुरा-३, गौलीगाउँ | ६०३००.०० | ४५७९५.०० | ६६४५५.०० | ५०४२५.०० | २२२९७५.०० |
| २१ | आदित्य आवि | गन्यापधुरा-३, नवलपुर | ८०७००.०० | ७९८३०.०० | ९५६२५.०० | ९४६८५.०० | ३५०८४०.०० |
| २२ | जनचेतना प्रावि | गन्यापधुरा-३, रुलाकोट | ४०७४०.०० | २७७५०.०० | ४०३५०.०० | ४०८१५.०० | १४९६५५.०० |
| २३ | जनता मावि | गन्यापधुरा-३, सकायल | १२७२२५.०० | ६९२९५.०० | ७८९१५.०० | ८६१००.०० | ३६१५३५.०० |
| जम्मा निकासा रकम | | | १३७६८८५.०० | ८८२९१५.०० | ११६९९८०.०० | १२९९०२०.०० | ४७२८८००.०० |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनुपर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेसनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्यरूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नुपर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिकरुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकैप्रकारको कामको लागि निकायगतरूपमा अलग-अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। गाउँपालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।